# जयपृथ्वी नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ७** **संख्याः ०१** **मितिः२०८१-०३-२१**

## भागः२

## जयपृथ्वी नगरपालिका

**जयपृथी नगरपालिकाको भू-उपयोग क्षेत्र बर्गिकरण सम्बन्धि तयार गरिएको मापदण्ड तथा आधारहरु,२०८१**

**स्वीकृत मिति २०८१/०३/०८**

**प्रस्तावना :-** भू-उपयोग ऐन २०७६ तथा भू-उपयोग नियमावली २०७९ को मापदण्ड तथा आधारहरुका अत्तिरिक्त देहाय अनुसार जयपृथी नगरपालिकाको क्षेत्रको जग्गालाई भू-उपयोग वर्गीकरण गर्ने प्रयोजनको लागि भूउपयोग ऐन २०७६ को दफा ५ को उपदफा ४ बमोजिम भू-उपयोग नक्सालाई अध्यावधिक गर्न यो मापदण्ड र आधार जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :-**

क) यस मापदण्डको नाम "जयपृथी नगरपालिकाको भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धि मापदण्ड र आधारहरु-२०८१" रहेको छ।

ख) यो मापदण्ड भू-उपयोग परिषदबाट सिफारिस भई कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति बाट जयपृथी नगरपालिका भित्र लागू हुनेछ।

२. **परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

क) ऐन भन्नाले भूउपयोग ऐन, २०७६ सम्झनु पर्छ ।

ख) नियमावली भन्नाले भू-उपयोग नियमावली, २०७९ सम्झनु पर्दछ ।

ग) "नगरपालिका" भन्नाले जयपृथी नगरपालिका सम्झनु पर्दछ ।

घ) "कार्यपालिका" भन्नाले जयपृथी नगर कार्यपालिका सम्झनु पर्दछ ।

ङ) "आवासीय क्षेत्र "भन्नाले मानबिय बासस्थानको लागि प्रयोग भएको घर, जग्गा तथा घर संग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तबेला, ईनार, फलफुल बंगैचा, करेसाबारी, आँगन वा त्यस्तै अरु कुनै कामको लागि प्रयोग गरिएको जग्गा सम्झनु पर्दछ र सो शब्दले बसोबासको लागि प्रचलित कानुन बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउदछ ।

च) "औधोगिक क्षेत्र" भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उधोग तथा सो संचालन गर्ने प्रायोजनको लागि निर्माण गरिएको भवन, घर, टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि छुट्याएको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगलिक क्षेत्रमा उधोग प्रबर्धन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम तोकिएको बिशेष आर्थिक क्षेत्रलाई समेत जनाउछ ।

छ) "कृषि क्षेत्र" भन्नाले कृषि बालि उत्पादन, पशु/पन्छी पालन, फारम हाउस, मत्स्यपालन, माहुरीपालन, रेशम खेति लगायत कृषिजन्य उत्पादन, बागबानी वा बनबाटिका, जडिबुटी र कृषि बनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ ।

ज) "खानी तथा खनिज क्षेत्र" भन्नाले प्रचलित कानुन बमोजिम खानि तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धिकरण, प्रसोधन, संचय गर्ने प्रयोजनको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्दछ ।

झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ञ) "भू -उपयोग" भन्नाले भुमिको उपयोग सम्झनु पर्छ ।

ट) "भू-उपयोग क्षेत्र" भन्नाले ऐनको दफा ४ बमोजिम वर्गीकरण गरिएको क्षेत्र लाइ सम्झनु पर्छ ।

ठ) "भू-उपयोग क्षेत्र नक्सा" भन्नाले ऐनको दफा ५ बमोजिम तयार पारिएको भू-उपयोग क्षेत्र नक्सा सम्झनु पर्छ ।

ड) "भू-उपयोग योजना" भन्नाले भू-उपयोगलाई ब्यबस्थित गर्ने दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनु पर्छ ।

ढ) "भुमि" भन्नाले पृथ्वीको सतह भन्दा सिधा तल पृथ्वीको केन्द्र सम्म र सतह भन्दा माथि पृथ्वीको गुरुत्वाकर्षणले भेट्ने सिमा सम्मको भाग सम्झनु पर्छ ।

ण) "वन क्षेत्र" भन्नाले प्रचलित कानुन बमोजिम तोकिएको वन क्षेत्रलाई सम्झनु पर्छ ।

त) "व्यवसायिक क्षेत्र" भन्नाले बैंक, सहकारी, वित्तीय संस्था, पसल, होटेल, प्रदर्शनी कक्ष, पम्प गोदाम, घर,चलचित्र घर, स्वास्थ्य, संचार, मनोरंजन सम्बन्धि सेवा, वस्तुको खरिद बिक्रि हुने स्थान, कुनै साहित्यिक, बैज्ञानिक, प्राबिधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था, अन्य कुनै व्यवसायिक प्रयोजनको लागि निर्माण गरिएको भवनले चर्चेको जग्गा तथा सो प्रयोजन को लागि छुट्याएको जग्गा तथा पर्यटन व्यवसायले चर्चेको जग्गा सम्झनु पर्दछ र सो शब्दले कुनै निश्चित भौगालिक क्षेत्रमा बजार बिस्तार गर्ने गरि प्रचलित कानुन बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउछ ।

थ) "सांस्कृतिक तथा पुरातात्विक महत्त्वको क्षेत्र" भन्नाले धार्मिक स्थल, धर्मशाला, पुरातात्विक महत्वका दरबार तथा प्रचलित कानून बमोजिम तोकिएको क्षेत्र लाइ समेत जनाउछ ।

द) "सार्बजनिक उपयोगको क्षेत्र" भन्नाले बिधालय, बिश्वबिधालय, छात्राबास, शबदाह स्थल, सडक, सिँचाई, कुलो, नहर, ईनार, कुवा, चौतारी, पाटि, पौवा, गौशाला, उधान, बसपार्क, विमानस्थल, गौचर, खेलकुद मैदान तथा अन्य सार्बजनिक उपभोगको लागी निर्माण गरिएको भबन, घर, टहरा, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले निश्चित भौगालिक क्षेत्रमा सार्बजनिक उपभोगको क्षेत्र भनि प्रचलित कानून बमोजिम तोकिएको क्षेत्र लाइ जनाउछ।

**३. भू-उपयोग मापदण्ड निर्धारणका आधारहरुः-**

क) बिध्यमान भू-उपयोग को अवस्था,

ख) नापी विभागले पठाएको भू-उपयोग क्षेत्र वर्गीकरण को Data,
ग) सडक बाटोको पहुच र सो को बर्गिकरण,
घ) कृषि उत्पादन र उत्पादकत्वको अवस्था,
ङ) वाताबरण तथा विपद सम्बेदनशिलता,
च ) भू-उपयोग ऐन २०७६,
छ) भू-उपयोग नियमावली २०७९,
ज ) सामाजिक तथा आर्थिक पुर्बधारको वितरण,
झ ) सहरी बिकास योजना/आयोजना,
ञ) Google satellite imagery,
ट ) GIS Analysis,
ठ ) वडाबाट आएको राय सुझाब,
ड ) बिभिन्न क्षेत्रका बिज्ञहरु र सर्बदलीय, सर्बपक्षिय भेलाबाट प्राप्त राय सुझाब ।

## ४. भू-उपयोग क्षेत्र बर्गिकरण सम्बन्धि मापदण्डहरु :-

१) हाल उपयोगमा रहेको जग्गाहरूलाई यस मापदण्डमा उल्लेख भएकोमा बाहेक नापी बिभाग बाट वर्गीकृत क्षेत्रमा वर्गीकरण गर्ने ।

२) जोखिम लगायत अन्य संबेदनशील तथा मध्यावर्ति क्षेत्रको जग्गालाई नापी बिभागबाट वर्गीकृत क्षेत्रमा वर्गीकरण गर्ने ।

३) साविक बमोजिमका सरकारी, सार्बजनिक तथा सामुदायिक प्रयोजनको लागि प्रयोग हुने जग्गा, खुलाक्षेत्र, पार्कहरु समेत् (सेवा प्रदान गर्ने सरकारी कार्यालय बाहेक) लाई सार्बजनिक क्षेत्रको रुपमा वर्गीकरण गर्ने र सोको समुचित संरक्षण को नीति लिने ।

४) यस अघि नापी बिभागबाट आबासीय, व्यवसायिक, औधोगिक क्षेत्र वर्गीकरण गरिएको जग्गालाई सोहि अनुसार बर्गिकरण गरिने तर नगरपालिकाको आबश्यकता र उपयुक्तता अनुसार परिबर्तन गर्न सकिने ।

५) हाल उपयोगमा रहेको नदीनाला, ताल, तलैया, पोखरी लगायतका पानीजन्य उपयोगमा रहेको क्षेत्रलाई नदी,खोला तथा सिमसार क्षेत्रमा वर्गीकरण गरिने ।

६) हाल उपयोगमा रहेको मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायत धार्मिक क्षेत्रले चर्चेको जग्गा, परापुर्बक कालमा देखिएका ऐतिहासिक धरोहर, सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुलाई सांस्कृतिक तथा पुरातात्विक क्षेत्रमा बर्गिकरण गरिने ।

७) नेपाल सरकार, उध्योग मन्त्रालय, नगरपालिकाको स्वीकृत लिएर औधोगिक क्रियाकलापमा प्रयोग भएकोआफ्नै जग्गामा जग्गालाई औधोगिक क्षेत्रको रुपमा वर्गीकरण गरिने ।

८) हाल कायम सबै किसिमका बन, पैदावार क्षेत्र (निजि क्षेत्र वाहेकका) लाई बन क्षेत्रको रुपमा वर्गीकरण गरिने ।

९) हाल शैक्षिक/स्वास्थ्य गतिबिधी संचालनमा रहेका सरकारी संस्थालाई शैक्षिक/स्वास्थ्य क्षेत्रमा बर्गिकरण गरिने ।

१०) हाल चलन चल्तीमा उपयोग भैरहेको पसल,बैंक तथा वित्तीय संस्था, होटेल, रेस्टुरेन्ट, हाटबजार लाग्ने स्थल, चमेनागृह, खाजा तथा फास्टफुड घर, व्यवसायिक प्रयोजनका लागि उपयोग गर्ने स्टोरेज क्षेत्र, सेवा प्रदान गर्ने सरकारी तथा निजि जग्गा, निजि क्षेत्रबाट संचालित अस्पताल, बिधालय, क्याम्पस, नर्सिङ्ग होम, पोलिक्लिनिक, रेडियो तथा टेलिविजन ब्रोडकास्टिंग संस्था, इन्टरनेट सेवा प्रदायक संस्थालाई व्यवसायिक क्षेत्रको रुपमा वर्गीकरण गरिने ।

११) साबिक नक्सा बमोजिम बगेको खोलालाई नक्सा बमोजिम कै खोला क्षेत्र र यथाबस्थामा बगेको खोला लाई पनि खोला क्षेत्रको रुपमा वर्गीकरण गरिने ।

१२) अब उप्रान्त यस नगरपालिका क्षेत्रको कित्ताकाट गर्दा भू-उपयोग नियमावली २०७९ को दफा १२ मा उल्लेख भए बमोजिम कृषिको लागि न्युनतम १००० बर्ग मिटर र आवासको रुपमा न्युनतम ८० वर्ग मिटर नघट्ने गरि कित्ताकाट गर्न सकिने छ।

१३) जग्गाको मुल्यांकन गर्दा कृषि क्षेत्रलाई बिशेष प्राथमिकता दिइने छ साथै कृषि तथा पशुपन्छी उत्पादन क्षेत्रमा नगरपालिका बाट दिइने सेवा सुबिधाको दायरा बढाइने छ ।

१४) कृषि, गैरकृषि क्षेत्रको व्यक्तिको जग्गाधनि दर्ता प्रमाण पुर्जामा प्रविष्ट कित्ता नापीमा आधारित गर्नु पर्ने भएकोले ज़ोनिङग मार्जिनामा परेको जुन कित्ता पुरा क्षेत्रफलको ५०% भन्दा माथि परेको हुन्छ सोहि बमोजिम क्षेत्र कायम गरिनेछ ।

१५) पूर्णरुपमा मापदण्ड बमोजिम लगातकट्टा नभएका तर फिल्डमा मापदण्ड अनुसार सडक भएका सडकहरुको हकमा मात्र फिल्ड निरीक्षण गरेर प्राबिधिक प्रतिबेदनको आधारमा मात्र कित्ताकाट सिफारिस गरिनेछ।

१६) माथि उल्लेखित तथा बिस्तृत रुपमा जयपृथी नगरपालिकामा रहेका तपसिल बमोजिमका क्षेत्रहरुलाई देहाए बमोजिम क्षेत्रमा वर्गीकरण गर्ने :

| वडा नं | जग्गाको वर्गीकरण | जग्गा रहेको स्थान | कैफियत |
|---|---|---|---|
| १ | आवासीय क्षेत्र | क) नाउली, सुन्दरसिहवाडा, जडेपानी, मेलतोला, जेढावाडा, चौंका, माथिगाउं, तलीगाउँ, जोगेनी, चिउरी, भण्डार, चौड्यान, बगरवस्ती, तिल्यामुडा देखि खोरिल्ला सम्मको दायाँ बायाँ ३० मिटर। | |
| | | ख) भण्डार टोल वरिपरिको अर्धव्यास २० मिटर, चिउरी वस्ती वरिपरिको अर्धव्यास २० मिटर । | |
| | | ग) ओखलढुङ्गा देखि किट्खोला सम्मको दायाँ बायाँ २० मिटर, भगाली खोला देखि हमरसैन सम्म ३० मिटर। | |
| | | घ) पिमीडाडाँ देखि चोरमेला २० मिटर, यदि गाउँ वा सडक वाहेक कुनै ठाउँमा दश एकात्मक परिवारको बसोवास छ भने त्यस्तो क्षेत्रको ४० मिटरको अर्धव्यासमा। | |
| | ब्यबसायिक क्षेत्र | क) मेलतोला, कान्छावाडा, खोली चौतारा, माथिगाउँ, पिमीडाँडा, जडेपानी,सुन्दरसिहंवाडा । | |
| | वन क्षेत्र | क) श्री विनायक सामुदायिक वन, महिला कचहरीकोट सामुदायिक वन, चिउरी भण्डार सामुदायिक वन, भवानी सामुदायिक वन | |
| | सास्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | क) बेताल मन्दिर (माथिगाउँ), (बॉटपाला मन्दिर, घटालदेव मन्दिर) जडेपानी दलित बस्ती, वाटपाला मन्दिर, कैलाश मन्दिर भण्डार, लागा मन्दिर, भुवानी मन्दिर, बॉटपाला मन्दिर पिमीडाँडा, भवानी मन्दिर चौपता, मष्टामाण्डु मन्दिर, वावनदेव मन्दिर, कालिका मन्दिर नेटकाट्न्या, कालिका मन्दिर सुन्दरसिहंवाडा, वाटपाली मन्दिर काडांतोला, कैलाश गुफा, मालिका मन्दिर, कुण्ड | |
| | सार्वजनिक उपयोगको क्षेत्र | क) नारायण मा.वि, वडा कार्यालय, कैलाश स्वास्थ्य चौकी, कैलाशपति सा.प्रा.वि, बेताल सा.प्रा.वि, जनजागृती प्रा.वि, मालिका सा.प्रा.वि, भण्डार स्वास्थ्य चौकी, पिमीडाँडा खेलमैदान | |

जयपृथ्वी राजपत्र

| वडा नं | जग्गाको वर्गीकरण | जग्गा रहेको स्थान | कैफियत |
|---|---|---|---|
| १ | नदि, नाला, ताल, सिमसार क्षेत्र | क) निगाली खोला, बुढासिम खोला, कुलीबांध खोला, हलाने खोला, बुढिखड्या खोला, अईरीओडार खोला, ठुलो खोला, भगाली खोला, घट्या खोला, किट्खोला, इजरखोला, साससिङ्ग्या खोला, मेला खोला, काँध खोला, काटीखेत खोला, सिका खोला, जडेपानी खोला, खोचा खोला, टोट्की खोला, साउनाकोट झरना, तेलपारीगाड, वाते झरना, लामादह, मार्तिदह, दोगाडे खोला | |
| | खानि तथा खनिज क्षेत्र | क) तामाखानी ओखलढुङगा, कौसाड सिलेट खानी, पलाट्या सिलेट खानी, बाते सिलेट खानी | |
| | औधोगिक क्षेत्र | क) मालिका हाते कागज, चौड्यान, बुढासिम | |
| | जोखिम क्षेत्र | क) जेढावाडा, माथिगाउँ, जडेपानी दलित बस्ती, सुन्दरसिहंवाडा, बोधवा, भण्डार,चिउरी, रातापानी, मेलतोला, बान्याचौर | |
| | कृषि क्षेत्र | क) माथि उल्लेखित बाहेक का भूभाग कृषि क्षेत्रमा कायम गरिने । | |
| | | ख) बचन बहूद्देशीय कृषि फर्म तथा पशुपन्छी फर्म, हरिक्रन्ति कृषक समुह, सपना बहु उद्देशिया कृषि तथा फर्निचर, कृषि सहकारी भण्डार, महिला भैसीपालन समुह साथै सम्पूर्ण फर्म हरु कृषि क्षेत्र मा रहने | |
| २ | आवासीय क्षेत्र | क) मोर्तोली टोल, बाज्गाउ टोल, दिल्या दैलयाल वाडा टोल को २० मि. को अर्धब्यास क्षेत्र | |
| | | ख) जाल्पका कालिका मन्दिर मोर्तोली देखि पाताला चौका बाज गाउ सम्म सडकको २० मि. दायाँबायाँ | |
| | | ग) भट्टा घर देखि मष्टामान्दौ सम्म २० मि. | |
| | बन क्षेत्र | क) जालपा कालिका सामुदायिक बन, नाउली भागाला सामुदायिक बन, बयाडा आगर्खाल सा. बन, खुडीउन सा. बन | |
| | साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | क) भवानी मन्दिर, जालपा कालिका मन्दिर, जागेश्वर मन्दिर, पितर मादु चाड, डाँडा बाग मन्दिर, दिपाड मन्दिर, लागा मन्दिर, लाकौडा काल्सैन जालपा कालिका मन्दिर बाज्गाउ, लावासैन मन्दिर, बाज्गाउ काल्सैन मन्दिर, लाथासैन मन्दिर, ओखली, मष्टामान्दु दौल्यान वाडा, काल्सैन मन्दिर, लावासैन मन्दिर ओखली, मष्टा मन्दु गानासाड़ा , मष्टामानडु दौल्यान वडा, काल्सैन मन्दिर, दिल्या, कैलाश मन्दिर चल्लेक , डुडुरे होम मन्दिर खुड़ीउन मठ | |
| | सार्बजनिक उपयोगको क्षेत्र | क) वडा कार्यालय, आधारभूत स्वास्थ्य केन्द्र, बाल्बिकाश आबी आज्गाउ, सामुदायिक भवन (मोर्तोली, दिल्या ) | |

| वडा नं | जग्गाको वर्गीकरण | जग्गा रहेको स्थान | कैफियत |
|---|---|---|---|
| २ | | पुर्खेली पोखरी बोलाखान, खोपागाडा खेलमैदान, कैलाश पार्क, नाताधुने खेल मैदान, आगर्खाल पिकनिक रिसोर्ट | |
| | नदि, नाला, ताल, सिमसार क्षेत्र | क) खुड़ीउन गाड, भागाली खोला, खुड़ीउन सिचाई कुलो, भागाली सिचाई कुलो | |
| | खानि तथा खनिज क्षेत्र | गिट्टी उत्पादन क्षेत्र दुमैसैंन, रातोमाटो उत्पादन क्षेत्र चल्लेक, कमेरो उत्पादन क्षेत्र खोरेला | |
| | जोखिम क्षेत्र | क) कुच देखि बयाडा सम्म, तिल्या मुडा भिर, पन्यारा, जाख कुलो निउली, भागाला सा. बन,, मठ खानेपानी | |
| | ब्यबसायिक क्षेत्र | क) खोपागड़ा, कोहोलपुर, ओखली, बातेगड़ा, लेकागाडा, कैलाश डाँडा | |
| | कृषि क्षेत्र | क) माथि उल्लेखित बाहेक का भूभाग कृषि क्षेत्रमा कायम गरिने । | |
| | | ख) डाँडा बाध बहूद्देशीय कृषि तथा पशुपन्छी बिकाश फर्म, भाबना बहूद्देशीय कृषि फर्म, खडका बहूद्देशीय कृषि तथा पशुपन्छी बिकास फर्म, लक्ष्मी बहूद्देशीय कृषि फर्म, भवानी बहूद्देशीय कृषि फर्म, अस्मिता बहूद्देशीय कृषि फर्म तथा पशुपन्छी बिकाश फर्म | |
| | | | |
| ३ | आवासीय क्षेत्र | क) पानकोट नगरकोट राजकोट दायाँवायाँ ३० मिटर | |
| | | ख) राजकोट तिल्यामुडा भडार सडक दायाँ बायाँ २० मि. | |
| | | ग) डुग्रिको पुल देखि भिटासम्म र डुग्रि खोलासम्म दायाँ बायाँ ३० मि. | |
| | | घ) डुग्रि मिटादेखी माथिल्लो पिपलचौतारा सम्म दायाँ बायाँ १० मि. | |
| | | ङ) जाखखेत सिमलतोला डाँडासम्म दायाँ बायाँ १० मि. | |
| | | च) कुर्मुला गाड हुदै पुगर गोरेपाटासम्म दायाँबायाँ १० मि. | |
| | | छ) खडायत खेत भट्टाघर सडक दायाँ बायाँ १० मि. | |
| | | ज) राजकोट वयाडी गाउँ मस्टामाण्डौ दायाँ बायाँ १५ मि. | |
| | | झ) मस्टामाण्डौ दहुला सडक दायाँ बायाँ १० मि | |
| | कृषि क्षेत्र | क) माथि उल्लेखित बाहेक का भूभाग कृषि क्षेत्रमा कायम गरिने । | |
| | बन क्षेत्र | क) गजमाईल सामुदायिक वन, हेमन्तवाडा सामुदायिक वन लगायत यस वडाका सम्पुर्ण सामुदायिक वनहरुलाई सामुदायिक वन क्षेत्रभित्र राख्ने निर्णय गरियो । | |
| | सार्बजनिक उपयोगको क्षेत्र | क) पानकोट व्यारेक, पाण्डु मा.वि., वडा कार्यालय भवन, स्वास्थ्य चौकि हेमन्तवाडा, भौरव प्रा.वि., वारभिट्टा सामुदायिक भवन, हेमन्तवाडा खा.पा. क्षेत्र, | |

| वडा नं | जग्गाको वर्गीकरण | जग्गा रहेको स्थान | कैफियत |
|---|---|---|---|
| ३ | | सरस्वती आ.वि., मुडतैन प्रा.वि.,कालिका सामुदायिक भवन, जेठावाडा सामुदायिक भवन, दालवाडा सामुदायिक भवन, केतुवाडा सामुदायिक भवन, भवानी सामुदायिक भवन | |
| | साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | क) मुडतैन मसानि मन्दिर, नाननदेव मन्दिर, भवानि माडु,रोटे मन्दिर, काल्सैन मन्दिर केतुवाडा, काल्सैन मन्दिर विष्टवाडा, भवानि मन्दिर, मस्टा माडु मन्दिर,लवासैन मन्दिर, लागा मन्दिर, नाननदेव मन्दिर ठुलाघर, वाठपाला मन्दिर दलितवस्ती, मुर्तेन मसानि ओखेडावाडा | |
| | नदि, नाला, ताल, सिमसार क्षेत्र | क) डुग्रिगाड, सेति नदि, ठुला खोला, डिलगाड, कुर्मुला गाड | |
| | खानि तथा खनिज क्षेत्र | क) गिट्टी बालुवाखानी, रातोमाटो खानी, चुल्या रातोमाटो खानी, तामा खानी | |
| | जोखिम क्षेत्र | क) गजमाईल, डुग्रि जिउलो, सिमलतोला पहिरो | |
| ४ | आवासीय क्षेत्र | क) कौसाड देखि लाछ्यापानि नाउला सम्म पानकोट जडार सडक खण्डको दायाँवायाँ ५० मिटर | |
| | | ख) लाछ्यापानिको नाउलीदेखि सेलीवारधार टुडा सम्म पानकोट जडार सडक खण्डको माथिपट्टी १५ मिटर | |
| | | ग) लाछ्यापानिको नाउलादेखि सेलीवारधार टुडा सम्म पानकोट जडार सडक खण्डको तलपट्टी ३० मिटर | |
| | | घ) गोलाई पुंगर जाने शाखा। सडकको गोलाईडाडासम्म दायाँबायाँ २० मिटर | |
| | | ङ) विउराडी जाने शाखा सडकको दायाँबायाँ १५ मिटर | |
| | | च) चिलिमे हाइड्रोपावरले निर्माण गर्ने सडकको माथि पट्टी १५ मिटर | |
| | | छ) टोल बस्तीको हकमा २ संयुक्त वा सौ भन्दा बढी एकै ठाउँमा बसोबास गरिएको ठाउँवाट १० मिटरको अर्धव्यासमा थप आवास क्षेत्र र एकल घरको हकमा ५ मिटर बढाएर आवासीय क्षेत्रमा राख्ने निर्णय गरियो। | |
| | बन क्षेत्र | क) नानिझार सल्लेरी सा.व., डोड्डु सा.व.सल्लीपाटन त्रिशक्ति सा.व.लाई वनक्षेत्रमा राख्ने निर्णय गरियो । | |
| | खानि तथा खनिज क्षेत्र | क) गिट्टी खानी, वालुवा खानी, रातो माटो, सेतो माटो, चुना खानी आदिलाई खनिज तथा खानी क्षेत्रमा राख्ने निर्णय गरियो । | |
| | साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | क) नवादेव कालिका मन्दिर, राधाकृष्ण मन्दिर, डाडाबाघ मन्दिर,खापर माडु मन्दिर डाडाबाघ मन्दिर विउराडी, लांगा मन्दिर, नवांदेव मन्दिर, जशु डाडाबाघ,मन्दिर, जशु डाडाबाघ मन्दिर गडखेत, लवाचुर बाठपाला मन्दिर, | |

| वडा नं | जग्गाको वर्गीकरण | जग्गा रहेको स्थान | कैफियत |
|---|---|---|---|
| ४ | | मुसानी मन्दिर चुनापानी, खोचा मसानी मन्दिर, मस्टा मन्दिर, भुवनेश्वरि भगवती मन्दिर लगायत यस वडामा पर्ने सम्पूर्ण मठमन्दिर, गुठि भएका जग्गाहरुलाई साँस्कृतिक तथा पुरातात्विक क्षेत्रमा राख्ने निर्णय गरियो । | |
| | नदि, नाला, ताल, सिमसार क्षेत्र | क) सेती नदि, ढाक्रेखोला, रुईन्याडी खोला, गोलाई गाड, छडीखोला, सिस्ने खोला,भेकुण्डे झरना,राताढुंगाको खोला, खाराखोला, डोड्डुखोला, अंगारी पोखरी, थुम्क पोखरी, दह पोखरी लगायत अन्य नदीनाला तथा सिमसार क्षेत्रमा राख्ने निर्णय गरियो | |
| | सार्बजनिक उपयोगको क्षेत्र | क) यस वडामा रहेका सम्पूर्ण सरकारी विद्यालय, सरकारी भवन, खेलकूद मैदान र बाटोलाई सार्वजनिक उपयोगी क्षेत्रमा राख्ने निर्णय गरियो। | |
| | ब्यबसायिक क्षेत्र | क) गोलाई पुंगर शाखा सडक देखि लाछ्यापानि नाउलासम्म मुख्य सडकको दायाँबायाँ २० मिटर | |
| | | ख) सिल्केडाडा देखि गडखेत गाउँ जाने बाटोसम्म मुख्य सडकको तलपट्टी २० मिटर | |
| | | ग) गडखेत गाउँ जाने बाटोदेखि वडा सिमानासम्म / मुख्य सडकको दायाँबायाँ २० मिटर व्यावसायिक क्षेत्रमा राख्ने निर्णय गरियो। | |
| | जोखिम क्षेत्र | क) यस वडामा रहेका खोला र सेती नदीको छेउछाउलाई जोखिम पूर्ण क्षेत्रमा राख्ने निर्णय गरियो। | |
| | कृषि क्षेत्र | क) माथि उल्लेखित क्षेत्र बाहेकका अन्य सम्पूर्ण क्षेत्रलाइ कृषि क्षेत्रमा राख्ने निर्णय गरियो | |
| ५ | बन क्षेत्र | क) नाउली नमादेव सामुदायिक वन, दिलपिपल स. वन, ऋषिकुण्ड स. वन, त्रिश स. बन | |
| | साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | क) नामोदेव मन्दिर, डांडाबाध मन्दिर, लांघा मन्दिर सुतियो, बाह्रापाल मन्दिर, पिपल चौतारा डिल, महादेव मन्दिर डिल , दुर्गादेवी मन्दिर, जशुमानु मन्दिर डिल, खाटक मन्दिर डिल, ग्वाला मन्दिर डिल,भवानी मन्दिर, कालिका मन्दिर, बाठपाला मन्दिर, ऋषि कुण्ड पर्यटकीय क्षेत्र, गौरिदेवी मन्दिर, ग्वाला मन्दिर डाँडा लुपाटा, कालिका मन्दिर लुपाटा, माटा मन्दिर लुपाटा, दोबखोला डाँडा बाध मन्दिर, हरिचंदी कालिका मन्दिर, मसादी मन्दिर, डांडा बध मन्दिर, पितरमण्ड मन्दिर कोटेली | |
| | सार्बजनिक उपयोगको क्षेत्र | क) आदर्श आबी, भैरब आबी, दुर्गाभवानी आबी, ऋषि कुण्ड आबी, लुबोता आबी, नामोदेव आबी सुतियो, लुर्योटा स्वास्थ्य चौकी, वडा कार्यालय भवन, अतिरित्त हुलाक कार्यालय, साइपाल सामुदायिक भवन, दलित सामुदायिक भवन | |
| | नदि, नाला, ताल, सिमसार क्षेत्र | क) गोलाई खोला,डिलगाड खोला, मुंगे खोला, दोबखोला,कोटेली खोला, भेल खोला, सुतिया खोला, सेती | |

| वडा नं | जग्गाको वर्गीकरण | जग्गा रहेको स्थान | कैफियत |
|---|---|---|---|
| ५ | | नदि, दोगादे खोला, तिपिन्ना खोला, राउने खोला, नान्गली खोला, पदेला पाताल खोला, रातोमाते खोला | |
| | जोखिम क्षेत्र | क) चुन्पानी क्षेत्र, डिल बजार क्षेत्र, सुतियो क्षेत्र, तली जिउला क्षेत्र | |
| | खानि तथा खनिज क्षेत्र | क) चौडाया तामा खानि, थान कोट तामा खानि, कोटेली तामा खानी, थाप्ला तामा खानि, टिका खानी, | |
| | आवासीय क्षेत्र | क) पान्कोट जडार सडक खण्डमा हाल बस्ति बसेको स्थान मा २० मि. अर्धब्यास क्षेत्र | |
| | | ख) अन्य क्षेत्रमा १० मि. अर्धब्यास, | |
| | | ग) तपसिल बमोजिमका बस्तिहरुमा हाल एउटै ठाउमा १० वा सो भन्दा बढी घरहरू छन् भने उक्त क्षेत्रको १० मि. अर्धब्यासमा पर्ने स्थान लाइ आबास क्षेत्र निर्धारण गरिने : तपसिल : १) भष्टी, २) मजेसैन, ३) कोटेली, ४) डिल, डिल बगर,५) सुतिया, ६) लुपोटा | |
| | | घ) मझे सेन देखि वडा कार्यालय हुदै डिल गाड डाँडा खण्ड सडकको १० मि. अर्धब्यास को क्षेत्र लाइ आबासीय क्षेत्र कायम गरिने | |
| | कृषि क्षेत्र | क) माथि उल्लेखित क्षेत्र बाहेक अन्य भूभाग कृषि क्षेत्र रहने | |
| ६ | बन क्षेत्र | क) ढटेलीखर्क सार्बजनिक वन धवलदेब नाब सामुदायिक बन, धौलाढिक कधेरीगैरा सामुदायिक वन, गोठेलीखेत सामुदायिक वन | |
| | सार्बजनिक उपयोगको क्षेत्र | क) वडा कार्यालय, भवानी मा.वि. नौरा, जनपप्रिय आधारभुत विध्यालय थालाबस्टी, नविन आधारभुत विध्यालय काप्रा, जनज्योती वालबिकास केन्द्र कठायतबाडा, सहिद वृष बहादुर सिंह बहुप्रविधीक शिक्षालय नौरा, आधारभुत स्वस्थ्य चौकी आमधारा लेकी क्रिकेट खेल मैदान नौरा, अक्षीत गुल्म शशस्त्र | |
| | साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | क) भवानी मन्दिर राज बाडा मष्टा माणु नौरा, दुदीरमाणु तोलाचौर, मष्टा मन्दिर बाजीरुख, बाम्नी माणु मन्दिर कठायतबाडा धवलदेव मन्दिर कठायतबाडा, मष्टा मन्दिर गैरा, विजया मन्दिर भम्क, धवलपुरा मन्दिर सेली, दुदीरमाणु हातेढुंगा, वाठपाला मन्दिर पारीघर, दुदीर मन्दिर पारीघर, धवलदेव मन्दिर धवलदेव, कालो मष्टो मन्दिर सेली सिद्ध बाबा मन्दिरनाब, चुरेटिका मन्दिर चुली, वाठपाला मन्दिर,फुटाढुंगा, वाठपाला मन्दिर रोष्टा, भैरब मन्दिर सेली धवलपुरी मन्दिर ठेउका बसह | |
| | नदि, नाला, ताल, सिमसार क्षेत्र | कडारी खोला, काप्रि खोला घट्टेखोला, भकभके खोला गाढाको खोला, लेकी खोला, कोरेली खोला,नुवापानी खोला, ठेउका खोला, गोदुको खाली ताल, नाव को कुवा, बुकाखाली कुवा । | |

| वडा नं | जग्गाको वर्गीकरण | जग्गा रहेको स्थान | कैफियत |
|---|---|---|---|
| ६ | औधोगिक क्षेत्र | नुवाठाना अठाला | |
| | ब्यबसायिक क्षेत्र | क) बाझीरुख,गोठेलीखेत,(बगीर बजार), नुवाथान, रोष्टा, आमधारा, लेकी, चैनपर जयपृथ्वी नगर दार्चुला सडक को काप्रा देखी लेकी क्रिकेट मैदान सम्म सडक को दांया बांया १५ मिटर ब्यावसायीक क्षेत्र राखीने छ । | |
| | खानि तथा खनिज क्षेत्र | धौला बगर (ढुंगा वालुवा) | |
| | जोखिम क्षेत्र | क) ठेउका, धौलाढिक, गाढा खोला पैरो | |
| | कृषि क्षेत्र | क) मष्टामाण्डौ बहुउदेश्यिय कृषी फर्म, दिव्या बहुउदेश्यिय कृषी फर्म, दुदीर मष्टा बहुउदेश्यिय कृषी फर्म, - बाहुनी धलपुरा बाख्रा फर्म, सीताङ्ग बहुउदेश्यिय कृषी फर्म | |
| | | ख) माथि उल्लेखित क्षेत्र बाहेक अन्य भूभाग कृषि क्षेत्र रहने | |
| | आवासीय क्षेत्र | क) गोठालीखेत,बगीर बजार, कोइरेलीखेत, माल ढुंगा, ठुलीभुवा, मत्तलबाडा,मल्लवाडा, राजवाडा, डांडा, पारीघर, अठाला, भुके, रोष्टा, हातीढुंगा, डांडावाडा, लम्वाडा, फुटाढुंगाभम्क, गताडी, कुलापाटी, आमधारा, मुख्यावाडा, गैरा, टाडवाड, नाइकवाडा, पारीमेला, खोलाघर, तोलेनी, लेकी,दर्याढुंगा, चोरपानी, डीम्मर, बरु, थालाबस्टी, सेली, सकुन्रेडी, भोटेचौका, रिउतोला, चोरकुडा, दनतोला,कठायतबाडा, बदेडा, सुर्केमेला, देउल, बाभीरुख | |
| | | ख) यस ६नं. वडा को गाडीमोटर जाने सम्पुर्ण सडकहरु के दायां बायां को २५ मिटर अर्धब्यास मा राखीने<br>र गोरेटो बाटो को हकमा १५ मिटर दायां बायां कोअर्धबयास मा राखीनेछ । | |
| | | ग) यस वडा न. ६ को सम्पुर्ण टोल को १० वटा घर भएको टोल अर्धब्यास २० मिटर वरीपरी आवास क्षेत्र राखीनेछ । | |
| | | घ) यस वडा नं. ६ मा एकल घर छ भने त्यस को अर्धब्यास ५ मिटर वरपर राखीने छ । | |
| ७ | बन क्षेत्र | क) तारामण्डल सामुदायीक वन, पानिकाफल सामुदायीक वन, कौलाराजा सामुदायीक वन, सुर्मदिवी सामुदायीक वन र जयमष्टा सामुदायीक वन आदि । | |
| | साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | क) सुर्मदिवी मन्दिर धम्नाउ, धल्देउ धम्नाउ, गैराकोट मष्टा मन्दिर धम्नाउ, रिङ्नीमाडु मष्टा मन्दिर चौपाख्या, मसानीमाडु मन्दिर, वाठपाला मन्दिर डिलमुंगा, डाँडावाग मन्दिर छयाला, भवानी मन्दिर कटौज, डाँडावाग मन्दिर रताली, वाठपाला मन्दिर चदारीवाडा, दैपाड लाम्पाटा, लाम्पाटा कालिका मन्दिर, वेताल माडु, तारु ढुङ्गा मन्दिर | |

| वडा नं | जग्गाको वर्गीकरण | जग्गा रहेको स्थान | कैफियत |
|---|---|---|---|
| | | खगेडा, खगेडा गन्धर्व माडु, खगेडा लागावाठपाला मन्दिर खगेडा, पितरमाडुखगेडा लागामाडु खगेडा, जसु मन्दिर,रताली, वेतालमाडु ज्वाडा, रानामाडु ज्वाडा छयाला, पितरमाडु छयाला, त्याडी माडु, वाठपाला मन्दिर छयाला, वाज्या माडु रताली, दलित टोल तथा सम्पुर्ण सार्वजनिक जग्गामा रहेका मन्दिरहरु । | |
| | सार्बजनिक उपयोगको क्षेत्र | क) सुनिपिपल चौर मा.वि.ज.न.पा. ७ वडा कार्यालय ज.न.पा. ७,सुवेडा स्वास्थ्य चौकि,देवस्थली आ.वि. सुवेडा, कुलमष्टाजन आ.वि., धम्राउ साझा भवन, सहरि स्वास्थ्य ईकाई मान्तोला, महिला सामुदायीक भवन ज्वाडा, क्रिया भवन छयाला, क्रिया भवन लाम्पाटा, सुन्यालवाडा र सुन्यालवाडा, नमुना महिला वचत तथा रिण सहकारी भवन, कालिका भवन, गन्धर्व आ.वि. रताली साझा भवन । | |
| | नदि, नाला, ताल, सिमसार क्षेत्र | क) कचालीगाड, सिमखेत खोला, वादधारा खोला,चापाखोला,मुग्रा खोला, चौपाख्या खोला, चौठे खोला, कुडि खोला, काप्रि खोला, डौठि खोला, औलीगाड, सेति नदि, रवा खोला । | |
| | जोखिम क्षेत्र | क) कटौज क्षेत्र, पानिकाफल क्षेत्र, सुसानेपड, डिलमाडु खारा, रातापड क्षेत्र, फुटाढुङ्गा, डाग वस्ति, सिम, मल्ला वगडी, ढल्कना, खेतपाटा, जोगीनाउला, अंगाउमुडा खेरपाटासिम्राडा,वगाराजा, सिसिया, सेराभगाला, राताढुङ्गा, तेकुल्या कुलीवाद, सेरा वस्ती तलिखेत, वेडुखोला । | |
| | खानि तथा खनिज क्षेत्र | क) खरिखानि, ढुङ्गगा, गिट्टी, बालुव, माटो, रातो माटो (गेरु,) सेतो माटो (कमेरो), खोटो । | |
| ७ | ब्यबसायिक तथा खानि क्षेत्र | क) खड्केतोला,किमतोला,तुफानडाडा, तमैल वजार,चौपाख्यावजार,वेडुखोला, कटौजकचाला, तोलेनिमान्तोलाछयाला, चौका, खेतपाटा, कोटपाटा, ठुलागादगाईरा, तलिपन्यारा, भखाडाखगेडा, कण्यालतोला, रताली कालाढुङ्गा डिलमाडु, रवाखोला, तारामण्डल सामुदायिक वन, दैपाड, लाम्पाटा, रिड्निमाडु मष्टा मन्दिर, गैराकोट मष्टा मन्दिर | |
| | औधोगिक क्षेत्र | क) वगाराजा औधोगीक क्षेत्र, ढुस्का औधोगिक क्षेत्र | |
| | कृषि क्षेत्र | क) शिशिर वसन्त वहुउदेश्य कृषी फर्म, मष्टाजसु बहुउदेश्य कृषी तथा पशुपंक्षि विकास फर्म, खागडा कृषक समुह, सुवेदी वहुउदेश्य कृषी फर्म,जालपा देवी वहुउदेश्य कृषी फर्म, दिवा वहुउदेष्य कृषी फर्म, डाडावाघ बहुउदेश्य कृषी फर्म,डाडावाग वहुउदेश्य कृषी फर्म तथा यस वडा मा दर्ता भएका सम्पुर्ण कृषी तथा पशुपंक्षी विकास फर्महरु | |
| | | ख) उल्लेखित क्षेत्र बाहेक अन्य भूभाग कृषि क्षेत्र रहने | |

| वडा नं | जग्गाको वर्गीकरण | जग्गा रहेको स्थान | कैफियत |
|---|---|---|---|
| | आवासीय क्षेत्र | क) धम्नाउ ज्वाडा, छयाला, खगेडा, रताली, लाम्पाटा, सुन्यालवाडा ,तमैल, चौपाख्या, खगेडा, वेडुखोला, डाडा, खोलाबस्ती, डागबस्ती,चदारीवाडा, बगडी, ढुस्का, कालीखाली, सेराबस्ती | |
| | | ख) यस वडामा मोटरगाडी जाने बाटो ३० मिटरको दाँयाबाँया र गोरेटो वटोको हकमा १० मिटर को दाँयावाँया आवासिय क्षेत्र राख्ने निर्णय गरियो | |
| | | ग) यस वडाको शाखा सडक ८ मिटर राख्ने निर्णय गरियो | |
| | | घ) यस वडा मा १० वा १० भन्दा वढी घर भएको ठाँउको १५ मिटर वरिपरि अर्धव्यास राख्ने निर्णय गरियो । | |
| ८ | आवासीय क्षेत्र | क) पैयातोला, पानिपाटा, जोशी गाउ, काप्रा, सेलाखेता, बारील, खराबगर, ग्वानी सल्यान, ८ न. वडाको मोटर बाटो जाने सडक देखि दायाँबायाँ ३० मि., ८ न. वडाको टोल को दायाँबायाँ २५ मि. र गोरेटो बाटो को हकमा दायाँबायाँ १५ मि. अर्धब्यास भएको क्षेत्र आबशिय क्षेत्र रहने | |
| | बन क्षेत्र | क) चाँचरी सामुदायिक वन, धार्मिक सामुदायिक वन, सप्तवडा सामुदायिक बन , तिमेली सामुदायिक बन, पञ्चायती सामुदायिक वन | |
| | साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | क) सुमदिवी मन्दिर रित रिल, सुमदिवी मन्दिर सेलाखेत, जालपा मन्दिर जोशीगाउँ, नवादेव मन्दिर रवानी, धौलदेब मन्दिर ग्वानी, बाठवाला मन्दिर जोशीगाउँ, मष्टा मन्दिर काप्रा | |
| | सार्बजनिक उपयोगको क्षेत्र | क) महिला भवन, आधारभूत स्वास्थ्य चौकी, जालपा आधारभूत विद्यालय, नवादेउ आधारभूत विद्यालय ग्वानी, शिशु नि मा वि काप्रा, युवावर्ष आधारभूत विद्यालय, बालोदय प्रा वि, गाडाखोला, खानेपानी दलित बस्ती जोशीगाउँ, | |
| | नदि, नाला, ताल, सिमसार क्षेत्र | क) खोलसिङे खोला , बाहुली खोला, बारिलछडा, मेलमुडा खोला, गिठापानी खोला, मुसे खोला,सुका खोला,गाडा खोला,काप्री खोला | |
| | जोखिम क्षेत्र | क) खोलसिङे खोला पहिरो, मुसे खोला पहिरो,सुके खोला पहिरो,गाडा खोला पप्हिरो,गिठा खोला पहिरो,मेलमुडा पहिरो, बारिछडा पहिरो, हिउँ कोरेली पहिरो,पानी पाटा बस्ती पहिरो | |
| | खानि तथा खनिज क्षेत्र | क) पडा खानीसेलाखेत , खोलसिङे कमेडाखानी, गिट्ली बालुवाखानी बाउलीगाड | |
| | ब्यबसायिक क्षेत्र | क) चैँयातोला टिम्मुर्याडी,ठेखिदर्चिला मार्गको काप्रा सम्म | |
| | | ख) टिम्मुर्याडी देखि खाराबगर सम्म, | |
| | | ग) जोशीगाउँ देखि पोलिटेक्निकल कलेज । | |

| वडा नं | जग्गाको वर्गीकरण | जग्गा रहेको स्थान | कैफियत |
|---|---|---|---|
| | कृषि क्षेत्र | क) श्री भैरव बहुउद्येश्यीय कृषि तथा पशुपंक्षीपालन फर्म, ए जी बाखा पालन फर्म, सन्दीप बहउद्येश्यीय कृषि फर्म नविन निकेश पोल्टी तथा बङ्गुर विकास फर्म, ओम बम भाई बहुउद्येश्यीय कृषि फर्म,सुर्यमुखी कृषि तथा पशुपंक्षी विकास फर्म, कालीका सुन्तला जात फलफुत खेती समुह फर्मका साथै यस बुडाँमा.दर्ता भएका सम्पूर्ण फर्महरु | |
| | | ख) उल्लेखित क्षेत्र बाहेक अन्य भूभाग कृषि क्षेत्र रहने | |
| ९ | आवासीय क्षेत्र | क) चौड टोल को सुरमा जाने शाखा सडक को दायाँबायाँ १० मि. | |
| | | ख) जयपृथ्वी राजमार्गको दायाँबायाँ, पक्कि पुल देखि गाड खोला सम्म १५-१५ मि. दायाँबायाँ | |
| | | ग) बिरेपानी टोल, दायाँबायाँ १०-१० मि. | |
| | | घ) सिमखेत टोल, सिचाई कार्यालय देखि घोडे बेगना, जालपा हुदै एयरपोर्ट सम्म १०-१० मि. दायाँबायाँ | |
| | ब्यबसायिक क्षेत्र | क) सिमखेत , चौड, जयपृथ्वी राजमार्गको दायाँबायाँ १०-१० मि. | |
| | | ख) चौड देखि सुर्मा जाने सडक खण्ड को दायाँबायाँ १० मि. सिमखेत | |
| | बन क्षेत्र | क) श्री बिरेपानी सामुदायिक वन, गिठेपानी सामुदायिक वन, यस बाहेक अरु वन क्षेत्रहरु साविकमा भए अनुसार राख्ने निर्णय गरियो । | |
| | सार्बजनिक उपयोगको क्षेत्र | क) नेपाल खाद्यसंस्थान, देवल बिमानस्थल,जालपा देवी युवा क्लव, कालिका प्रा. वि. , नया जालापा मा.वि. पुरानो जालपा मा.वि., वडा कार्यालय ,जयपृथ्वी नगरपालिका, जिल्ला मालपोत कार्यालय ,जिल्ला नापी कार्यालय ,सिचाइडिभिजन बझाङ्ग जिल्ला खेल कार्यालय, जिल्ला अस्पताल (प्रगतिशिल प्रा.वि. ,पुरानो अदालत मैदान , खानेपानी कार्यालय । | |
| | साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | क) जालपा देवी मन्दिर, बाठपाला मन्दिर ,निलकटी मन्दिर ,खदारी लवासैन मन्दिर, ककानी मन्दिर ,मष्टा चौपाती ,शिवालय मन्दिर । | |
| ९ | खानि तथा खनिज क्षेत्र | क) सेतो माटो ,धौलावगर बालुवा, बाउलीगाड बालुला खानी । | |
| | जोखिम क्षेत्र | क) बाहुली गाडपक्कीपुल देखी बाहुलीगाड आसपासको क्षेत्र , बाहुलीगाड र सेती नदीको दोभान देखी धौला वगरसम्म नदीले छोएको क्षेत्र , धौलावगर पहिरो । | |
| | औधोगिक क्षेत्र | क) निसो संकलन क्षेत्र पुरानो बसपार्क | |

| वडा नं | जग्गाको वर्गीकरण | जग्गा रहेको स्थान | कैफियत |
|---|---|---|---|
| | नदि, नाला, ताल, सिमसार क्षेत्र | क) गाडखोला , बिरेपानीखोला ,मुसेखोला , खोलसिङ्गा खोला बहुला खोला । | |
| | कृषि क्षेत्र | क) माथि उल्लेखित उल्लेखित ९ क्षेत्र बाहेकका देवल जिउलो क्षेत्रहरु ,नविन कृषि फर्म , सागर बहुउदेश्य कृषि फर्म , सागर बहुउदेश्य कृषिफर्म , खदारी लवासैन कृषिफर्म, सरस्वती बहुउदेश्य कृषिफ | |
| | | ख) उल्लेखित क्षेत्र बाहेक अन्य भूभाग कृषि क्षेत्र रहने | |
| १० | बन क्षेत्र | क) साविक वढामा भएको बन हरुलाई सोही अनुसार वनक्षेत्रमा राख्ने निर्णय गरियो । | |
| | खानि तथा खनिज क्षेत्र | क) खडि खानी, सिलेट खानी गुठी खानी गिट्टी बालुवा खानी, चुना खानी | |
| | साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | क) यस वडामा पर्ने सम्पूर्ण मठमन्दिर गुठी भएका जग्गाहरुलाई सांस्कृती तथा पुरातात्विक क्षेत्रमा राख्ने निर्णय गरियो । | |
| | नदि, नाला, ताल, सिमसार क्षेत्र | क) सेती नदी बाहुली गाड खोला लगायत सम्पूर्ण खोला नदीहरुलाई नदी तथा सिमसार क्षेत्रमा राख्ने निर्णय गरियो । | |
| | सार्बजनिक उपयोगको क्षेत्र | क) यस वढा भित्र रहेको सम्पूर्ण सरकारी बिद्यालय,.भवन,खेल मैदान र बाटोलाई सार्वजनिक उपयोग क्षेत्रमा राख्ने निर्णय गरियो । | |
| | जोखिम क्षेत्र | क) सेक्री ,श्रीमभाडी,कुचा | |
| | ब्यबसायिक क्षेत्र | क) चैनपुर भित्रको सबै बाटोको दायाँ बायाँ १५ मिटर दायाँबायाँ | |
| १० | आवासीय क्षेत्र | क) चैनपुर भित्र सबै जग्गा आबासीय क्षेत्र | |
| | | ख) चैनपुर, कुचा, सुमार्ण सडकको हकमा दायाँबायाँ ३० मि. | |
| | | ग) सम्भाबिय शाखा सडकको दायाँबायाँ १५ मि., | |
| | | घ) टोल बस्ति को हकमा १० संयुक्त परिवार वा सो भन्दा बढी एकै ठाउ मा बसोबास गरिएको ठाउ बाट २० मि. को अर्धब्यासमा थप आबास क्षेत्र र एकल परिवार को हक मा ५ मि. बढेर आबासिय क्षेत्र कायम गरिने | |
| | बन क्षेत्र | क) तल्लेनी सामुदायिक वन, हुरहुरे सामुदायिक बन, गैराभिटा सामुदायिक वन, साउनेपातल सामुदायिक वन, पोखरासाउले पातल सामुदायिक वन, सालिमेमेला सामुदायिक वन, लामामुङ्गा सामुदायिक वन, चौरडाडा सामुदायिक वन, उत्तरसैन सामुदायिक वन, घडा राख्ने सामुदायिक वन ;जगलढुङ्गा सामुदायिक | |

| वडा नं | जग्गाको वर्गीकरण | जग्गा रहेको स्थान | कैफियत |
|---|---|---|---|
| ११ | खानि तथा खनिज क्षेत्र | क) वखल, रगाली मेला, तलचौर खोला चुतासैन | |
| | साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | क) सुर्मा देवी मन्दिर, धामीलेक धौल्देउ मन्दिर, पिठालेक लागाँ मन्दिर, निलकट्ट मन्दिर, पिठालेक निलकट्टी मन्दिर, मयाना देवी माणु मन्दिर ,लागादेव मन्दिर, काप्रीकोट भोपुर रुइनाबगर काल्सिन मन्दिर ,नाननदेव मन्दिर , डाडागाउँ डाडावाघ मन्दिर, हनुमान मन्दिर, शिद्धमनाना मन्दिर मष्टा मन्दिर, डाडागाउँ लागाँदेव मन्दिर, भोपुर भडारी देव मन्दिर आदि | |
| | नदि, नाला, ताल, सिमसार क्षेत्र | क) तामाखोला सुनीगाढ कैथनी खोला घोडामोरा खोला सेती नदी बैदारी खोला | |
| | सार्बजनिक उपयोगको क्षेत्र | क) वडा कार्यालय आधारभुत स्वास्थ्य सेवा केन्द्र, निलकष्टि मा वि, धौल्देउ आधारभुत सुर्मा आ वि, नानन आबि, सत्यवादी मा वि ,जयपृथ्वी बहुमुखी क्याम्पस, रघुनाथ आ वि, सिद्धामनाना शहरी स्वास्थ्य ईकाइ केन्द्र विरभ्रद्र गुल्म धौल्देउ आ वि सामुदायिक भवन पिठालेक मयाना भोपुर डाडागाउँ कुटानी पिसानी मिल भोपुर डाडाबाघ कुटानी पिसानी मिल डाडागाउँ काप्रीकोट मर्मात्याग्नजा कुटानी पिसानी मिल पिठालेक घामीलेक कुटानी पिसानी मिल मयाना, चौरडाडा सामुदायिक भवन चैनपुर शहरी खानेपानी भोपुर दरवार | |
| | जोखिम क्षेत्र | क) गौथेनी मिनाबगर गैराभिटा ठाडामेला पहिरा, साइलाबगर रुझान, भोपुर भोपुर दरवार व्यारेक खानेपानी | |
| | ब्यबसायिक क्षेत्र | क) भोपुर लालटिन बजार निलकट्टी मा वि दैकुमलाको सडक खण्डको १५ मिटर तलमाथि व्यावसायिक क्षेत्र मानिने छ | |
| | | ख) मर्मालेजान्जा सडकखण्डको तलमाथि १५ मिटर व्यापारिक क्षेत्र सुनीगाढ । | |
| ११ | आवासीय क्षेत्र | क) धामिलेक पिठालेख मायाना भोपुर रुइनाबगर साइलाबगर कप्रिकोट डाँडा गाउ भिमल सुइल तलिचौर लक्देतोला दैकुमला रुइसेडी गड गाडे खोला चौसाल आडे गाडा खोलामुढ, यी गाउ को हक मा १० परिवार बसोबास गरिरहेको ३५ मि. अर्धब्यास भएको क्षेत्र | |
| | | ख) सडक तथा बाटो को सवाल मा यस वडाको सबै मोटर बाटो को दायाँबायाँ २० मि | |
| | | ग) बडा कार्यालय निलाकत्ति माबी दैकुमाला भोपुर बजार धौल्देउ आबी मायाना सिध्द मायाना शहरी स्वास्थ्य केन्द्र को तल माथि सडक खण्ड को १०० मि. दायाँबायाँ | |

| वडा नं | जग्गाको वर्गीकरण | जग्गा रहेको स्थान | कैफियत |
|---|---|---|---|
| | कृषि क्षेत्र | क) कृर्षि तथा पशुपन्छी फर्म तथा कृषक समुह सहकारी - ममता बहुउदेश्यीय कर्षि फर्म सुर्मा देवी सहकारी निलकट्टी कृषक समुह नाननदेव बहुउदेश्यीय कृर्षि फर्म डाडाबाघ बहुउदेश्यीय फर्म लगायत यस वडा भित्र पर्ने बाँकि अन्य सम्पुर्ण कृषक समुह सहकारी बहुउदेश्यीय फर्महरु | |
| | | ख) उल्लेखित क्षेत्र बाहेक अन्य भूभाग कृषि क्षेत्र रहने | |

१७) यो मापदण्ड तथा आधारहरु, भू-उपयोग ऐन २०७६, भू-उपायोग नियमावली २०७९ को आधारमा ब्यबस्थित गर्न नापी विभागले दिएको data लाई GIS System को माध्यममा अध्यावधिक गर्ने प्रक्रिया अगाडी बढाइन्छ ।

१८) **मापदण्डको संशोधन:-** भू-उपयोग परिषदको सिफारिसमा नगर कार्यपालिकाले आबश्यकता अनुसार संशोधन गर्न सकिनेछ ।

१९) **बाधा अड्काउ :-** यस मापदण्ड कार्यान्वयनमा कुनै समस्या आएमा भू-उपयोग परिषदले बाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले,
अम्मरराज जोशी
प्रमुख प्रशासकीय अधिकृत

जयपृथ्वी राजपत्र

जयपृथ्वी राजपत्र